का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ फागुन २०७९,
शुक्रबार
10 March 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २९, अंक ४४ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



# राष्ट्रपति रामचन्द्र पौडेल

| जन्म | शिक्षा | २०१६ देखि | २०५१ | ३ पटक | ६ पटक |
|---|---|---|---|---|---|
| २००१ असोज २० | स्नातकोत्तर | राजनीतिक जीवन | सभामुख | उपप्रधानमन्त्री | प्रतिनिधिसभा सदस्य |

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

'राष्ट्रपतिमा मैले कहिल्यै लालच राखिनँ । गिरिजाप्रसाद कोइरालाले डा. रामवरण यादवलाई भन्दा पहिला मलाई राष्ट्रपतिमा प्रस्ताव गर्नुभएको थियो । गिरिजाप्रसादले आफू हुन नपाउने भएपछि विकल्पमा देखेको पहिलो व्यक्ति म नै थिएँ' २७ फागुन २०७८ मा पौडेलले भनेका थिए ।

त्यसबेला उनको तर्क थियो, 'म सुविधाको पदमा बसेर होइन मैदानमा लड्न चाहन्छु । सक्रिय भएर काम गर्ने ठाउँमा बस्न चाहन्छु । तर, 'रामचन्द्र राष्ट्रपति' भनेर कपोलकल्पित हल्ला चलाइएको छ ।' प्रतिवद्धता अनुसार नै रामचन्द्र पौडेलले २०६५ सालदेखि २०७९ सालसम्म १४ वर्षसम्म निरन्तर पार्टी सभापति र प्रधानमन्त्री पद खोजे । तर, त्यसमा कहिल्यै सफल भएनन् ।

२०७९ सालको चुनावले रामचन्द्रका लागि परिस्थिति मात्रै बदलिएदिएन । उनले चाहना नै बदलिदिए । पार्टीको संसदीय दलको नेतामा सभापति शेरबहादुर देउवालाई समर्थन गरे । त्यसबेलै रामचन्द्रले राष्ट्रपति चाहेको कांग्रेस नेताहरु बताउँछन् । कालान्तरमा उनले यो भनाइ स्वीकार गरेका छन् र, उनी राष्ट्रपतिमा निर्वाचित भए पनि । रामचन्द्र पौडेलकै शब्दमा 'सुरुमा नखोजेको, तर परिस्थिति बदलिएपछि रोजेकै पद हो राष्ट्रपति पद ।'

बिहीबार भएको निर्वाचनमा पौडेल निकटतम प्रतिस्पर्धी एमालेका सुवास नेम्वाङलाई पराजित गर्दै राष्ट्रपतिमा निर्वाचित भए । पौडेलले संघतर्फ २१४ र प्रदेशतर्फ ३५२ सांसदको मत पाए । नेम्वाङले प्रदेशतर्फ १६२ र संघतर्फ ९८ सांसदको मत पाए । मतभारको गणना गर्दा पौडेलले संघतर्फ १६९०६ र प्रदेशतर्फ १६८९६ मतभार प्राप्त गरे । उनको कुल मतभार ३३८०२ रहेको छ । नेम्वाङले संघतर्फ ७७४२ र प्रदेशतर्फ ७७७६ गरी कुल १५५१८ मतभार प्राप्त गरे ।

> राजतन्त्रको राष्ट्राध्यक्ष (राजा) र गणतन्त्रका राष्ट्राध्यक्ष (राष्ट्रपति) कस्तो हुन्छ भनेर म देखाउनेछु । त्यो तपाईंहरुले देख्न पाउनुहुन्छ ।
>
> **रामचन्द्र पौडेल**
> **नवनिर्वाचित राष्ट्रपति**

यो उत्साहपूर्ण जीतका लागि स्वयम् रामचन्द्र पौडेलले मेहनत गरेका छन् । राजनीतिक विश्लेषक विष्णु दाहालका अनुसार राष्ट्रपति निर्वाचित हुनका लागि रामचन्द्र पौडेलले गत आम चुनाव अगाडिको पाँच दलीय गठबन्धन बनाउँदा देखि नै राजनीतिक प्रयास गरेका थिए ।

५ पुस २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि कांग्रेसमा दुई धार देखा परेको थियो । विघटनको विरोधमा सडकमा जानुपर्छ भन्ने धारको नेतृत्वमा थिए पौडेल । पार्टी सभापति शेरबहादुर देउवा विरोध गर्न आलटाल गरिरहेका थिए ।

– बाँकी पृष्ठ २ मा


## समयमै कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
- राज्य सञ्चालनमा सहयोग गरौं ।
- नागरिक कर्तव्य पूरा गरौं ।

**जनताबाट उठाइएको कर:**

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# एक्लियो एमाले

राष्ट्रपतिको निर्वाचनमा राप्रपा र रास्वपाको मत समेत आफ्नो पक्षमा पार्न नसकेपछि संसदमा एमाले एक्लिएको तथ्य अभिलेखित हुन पुगेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

बिहीबार भएको राष्ट्रपतिको निर्वाचनमा दुई उम्मेदवार थिए- कांग्रेसका रामचन्द्र पौडेल र एमालेका सुवास नेम्वाङ । दुई उम्मेदवार मध्ये पौडेलले ९ दलको मत पाए । नेम्वाङले एमालेको मात्रै मत पाए । परिणाम सोही अनुसार आयो - पौडेल ३३८०२ मतभारसहित विजयी भए । नेम्वाङले १६८९६ मतभार प्राप्त गरे ।

संघीय संसदमा १२ दलको प्रतिनिधित्व छ । त्यसमध्ये राप्रपा र नेपाल मजदुर किसान पार्टीले मतदानमा भाग लिएनन् । बाँकी १० दलमध्ये ९ दल एकातिर हुँदा एमाले एक्लै अर्कोतिर हुन पुगेको हो । अर्थात, राष्ट्रपतिको निर्वाचनमा राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मतसमेत आफ्नो पक्षमा पार्न नसकेपछि संसदमा एमाले एक्लिएको तथ्य अभिलेखित हुन पुगेको छ । परिणाममा एमालेले राष्ट्रपति पद मात्रै गुमाएको छैन संसदमा रहेका अन्य राजनीतिक दलहरुको समेत साथ देखाउन सकेन ।

स्मरणीय छ - एमाले वर्तमान पुष्पकमल दाहाल नेतृत्वको सरकारको 'किङ मेकर' हो । चुनाव अगाडिको पाँच दलीय गठबन्धनबाट प्रधानमन्त्री बन्ने नदेखेपछि प्रचण्ड गत पुस १० गते मध्यान्ह मात्रै एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोट पुगेका थिए । ओलीले तत्काल निर्णय गरेर प्रचण्डलाई प्रधानमन्त्री बनाएको थियो । तर, आफैंले बनाएको प्रधानमन्त्रीले कांग्रेसको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## जजिरा एयरवेजको उडानसँगै चार प्रदेशबाट वैदेशिक रोजगारमा जानेहरूलाई सहज

**भैरहवा/रासस**- खराब मौसमको कारण देखाउँदै भैरहवा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट बन्द भएको जजिरा एयरवेजको उडान बिहीबारदेखि पुनः शुरु भएको छ । विमानस्थलका प्रवक्ता सुभाष झाका अनुसार कुवेतबाट बिहीबार बिहान सवा ७ बजे ६६ जना यात्रु लिएर आएको जजिराको विमान सवा ८ बजे ९३ जना यात्रु लिएर उडेको हो ।

– बाँकी पृष्ठ २ मा

## व्यवसायी खत्री सम्मानित

**काठमाडौं/मस**- वैदेशिक रोजगार व्यवसायी सुष्मा खत्री सम्मानित भएकी छन् । राजधानीको गैरीधारास्थित फ्यूचर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.की सञ्चालक खत्री लामो समयदेखि वैदेशिक रोजगार व्यवसायमा सक्रियतापूर्वक

– बाँकी पृष्ठ २ मा



# टिआरसी विधेयक संसदमा

जनयुद्धका कमाण्डर प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता भएलगत्तै सरकारले संक्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदमा दर्ता गरेको छ ।

> सरकारले संसद्मा दर्ता गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा आयोगको अवधि नै दुई वर्षका लागि तोकिएको छ । विधेयक पास भएर मात्रै हुँदैन, आवश्यक कामहरु पनि समयमै सक्नुपर्ने हुन्छ ।
>
> **रेखा शर्मा**
> **मन्त्री, सञ्चार तथा सूचना प्रविधि**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

सरकारले संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन विधेयक संघीय संसद सचिवालयमा दर्ता गरेको छ । कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्दै आएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार बसेको मन्त्रिपरिषद बैठकबाट निर्णय गराएर 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक' प्रतिनिधिसभामा दर्ता गरेका हुन् ।

विधेयकमा मुख्य रुपमा तीनवटा प्रावधान संशोधन गरिएको छ । विधेयकमा

– बाँकी पृष्ठ २ मा


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

स्ववियु निर्वाचन

# आचारसंहिता जारी, पोस्टर र रंगरोगन टाँस्न नपाइने




**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनको तयारी तीव्र पारिएको छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्ववियु निर्वाचनको आचारसंहिता समेत जारी गरेको छ। उक्त आचार संहितामा प्रचारप्रसार गर्नका लागि रंगरोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख छ ।

आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको त्रिविका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयक निर्देशक पशुपति अधिकारीले बताए ।

क्याम्पसको कम्पाउण्ड वालको बाहिरिपट्टी, भित्रपट्टी र क्याम्पस वरिपरि बालपेन्टिङ गर्न र त्रिविका क्याम्पसमा हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार गर्न पाइने छैन। यस्तै उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावली एफोर साइजको एकै रङ भएको मात्रै प्रचारप्रसार गर्न पाइनेछ ।

आचारसंहितामा क्याम्पस निर्वाचन समितिमा दर्ता संघ, संगठन, समूह वा स्वतन्त्र उम्मेदवारलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम क्याम्पस निर्वाचन समितिले सञ्चालन गर्ने र उक्त कार्यक्रमका एक अर्काप्रति आपेक्ष वा आरोप लगाइने वाक्य बोल्न नपाइने पनि आचारसंहितामा उल्लेख गरिएको छ ।

क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने, विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न नपाइने उल्लेख छ । आचारसंहितामा मतदान हुनुभन्दा ४८ घन्टा अगाडिदेखि निर्वाचनको प्रचारप्रसार गर्न नपाइने उल्लेख छ ।

निर्वाचन कार्यतालिका अनुसार स्ववियु निर्वाचनका लागि यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन्। गत फागुन १९ गते निर्वाचनका लागि विद्यार्थी संघ संगठन दर्ता भएका छन् । आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुँदैछ ।

## आरआरमा निर्वाचनको सरगर्मी



**रेशम अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन

त्रिभुवन विश्वविद्यालयले आगामी ५ चैतमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को चुनाव घोषणा गरेपछि विद्यार्थी संगठनहरुको गतिविधि बढेको छ ।

राजनीतिक दल निकट विद्यार्थी संगठनहरुको केन्द्रीय समितिदेखि क्याम्पस इकाइ समितिहरुमा समेत स्ववियु चुनाव केन्द्रित गतिविधि देखिन थालेको छ। स्ववियु चुनावको उम्मेदवार बन्नका लागि विभिन्न पार्टीका विद्यार्थी संगठनका नेताहरू कसरतमा जुटेका छन् । काठमाडौं प्रदर्शनीमार्गस्थित रत्नराज्य लक्ष्मी (आरआर) क्याम्पसमा पनि स्ववियु निर्वाचनको सरगर्मी बढेको छ। आरआर क्याम्पसका १७ राजनीतिक संघ संगठनले स्ववियु चुनावका लागि संगठन दर्ता गराएका छन् । स्ववियु निर्वाचनमा अखिल क्रान्तिकारी आरआर क्याम्पस कमिटीले ६ जनालाई सभापतिको उम्मेदवारको रुपमा सिफारिस गरेको छ । २०७९ फागुन २३ गते बसेको अखिल क्रान्तिकारीको पूर्ण बैठकले आकांक्षीहरू सुरेन्द्र बहादुर शाही, शिशिर बस्याल, मदन कठायत, मिनराज पाण्डे, डण्ड भण्डारी र सोनी भट्टराईको नाम सिफारिस गरेको हो ।

कमिटीले सभापतिहरुको नाम सिफारिस गरेपनि अन्य उम्मेदवारको नाम सिफारिस गरेको छैन । क्रान्तिकारीका एक नेताका अनुसार स्ववियु निर्वाचनमा गठबन्धन हुने सम्भावना उच्च रहेकाले सोही अनुसार नाम सिफारिस गरिनेछ ।

चितवन-२ उपनिर्वाचन

# दलहरूलाई चिन्ह प्रदान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

आगामी वैशाख १० गते चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि दर्ता भएका १८ राजनीतिक दललाई निर्वाचन आयोगले निर्वाचन चिन्ह प्रदान गरेको छ ।

दर्ता भएका राजनीतिक दललाई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (१) बमोजिमको निर्वाचन चिन्ह निर्धारण गरी सम्बन्धित दललाई प्रदान गरिएको हो। सोही दफाको उपदफा (७) बमोजिम उपनिर्वाचन हुँदाका बखत प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई ती दलले २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याका आधारमा र प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रमका आधारमा उम्मेदवारको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्ने निर्णय भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

नेपालको संविधानको धारा २७१, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १६ को अनुसूची-१२ बमोजिम निवेदन पेस हुन आएका राजनीतिक दलहरूलाई राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १७ को उपनियम (४) बमोजिम दर्ता गर्ने व्यवस्था छ ।

निर्वाचनका लागि दर्ता भएका दलहरुमा नेपाल मजदुर किसान पार्टी, मङ्गोल नेशनल अर्गनाइजेशन, राष्ट्रिय नागरिक पार्टी, नेपाली कांग्रेस, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवादी लेनिनवादी), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी, नागरिक उन्मुक्ति पार्टी, हाम्रो नेपाली पार्टी, पुनःजागरण पार्टी, नेपाल, मौलिक जरोकिलो पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल, नेपाली कांग्रेस (बिपी), राष्ट्रिय प्रजातन्त्र पार्टी, जय जन्मभूमि पार्टी नेपाल रहेका आयोगले जनाएको छ ।

## राष्ट्रपति....

त्यसबेलै रामचन्द्र पौडेलले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल लगायतका नेताहरुको विश्वास आर्जन गरेका थिए । बुधबार माओवादी केन्द्र, एकीकृत समाजवादी सहितका दलहरुको समर्थनमा रामचन्द्र राष्ट्रपति निर्वाचित भएका हुन् ।

विश्लेषक दाहाल भन्छन्, 'दुबै संसद विघटनविरुद्धको ५ दलीय गठबन्धनको मोर्चामा रामचन्द्र अग्रपंक्तिमै रहे ।' दुवै पटक सर्वोच्च अदालतले संसद पुनर्स्थापनाको फैसला गऱ्यो । दोस्रो पटकको विभाजन बदर भएपछि २९ असार २०७८ मा देउवा प्रधानमन्त्री बने । 'देउवा प्रधानमन्त्री बन्ने बातावरण बन्नुमा रामचन्द्रको ठूलो देन थियो । किनभने देउवा त सुरुमा मध्यावधिमा जान तयार थिए । त्यसलाई रोकेर रामचन्द्रले प्रधानमन्त्री बनाए' दाहालले भने ।

राजनीतिक विश्लेषक लोकराज बरालका अनुसार रामचन्द्र राष्ट्रपति बन्नुमा तत्कालीन राष्ट्रपतिको असंवैधानिक कदममा निरन्तर प्रश्न उठाउनु र मुलुकले कस्तो राष्ट्रपति खोजेको हो भनी निरन्तर खरो रुपमा उत्रनु पनि हो । उनी भन्छन्, 'संविधान र लोकतन्त्रका लागि जसरी आफूलाई अग्रमोर्चामा राख्नुभयो त्यसको फल रामचन्द्रलाई दिने विषयमा कांग्रेस मात्रै नभएर माओवादी र एकीकृत समाजवादी लगायतका दलहरु पनि तयार भए ।'

अर्का राजनीतिक विश्लेषक पुरञ्जन आचार्य राष्ट्रपति हुनु भन्दा अगाडि आफैंले गरेका प्रश्नहरुको जवाफ व्यवहारमा दिन सके पौडेल सफल राष्ट्रपति कहलिनेछन् ।

राष्ट्रपति पौडेललाई आचार्य मुख्यतः पाँच सुझाव छन् । दलको आवद्धताबाट मुक्त हुनुहोस्, संविधानको रक्षार्थ नडगमगाउनुहोस्, विगतका राजा-महाराजाको जस्तो सवारीको अन्त्य होस्, विगतका राष्ट्रपतिले जस्तो पार्टी विवादमा समेत भूमिका खोजेर राजनीतिक सक्रियता नदेखाउनुहोस् र नेपाली सेनाबाट अगाडि बढेका परियोजनाहरूमा नैतिक बलबाट पारदर्शी र कम खर्चिलो र कम भड्किलो बनाएर सेनालाई मर्यादित संस्थाको रूपमा सशक्त बनाउन सक्नुहोस् ।

यी विषयहरुमा गम्भीर नहुँदा विगतका राष्ट्रपतिहरु विवादरहित हुन नसकेको उनलाई लाग्छ । नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादव हुन् । यादवले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले नेपाली सेनाका तत्कालीन प्रधान सेनापति रुक्मांगद कटवाललाई हटाउन गरेको सिफारिस अस्वीकृत गरिदिएका थिए। मन्त्रिपरिषदको निर्णय पालना नगर्ने छुट राष्ट्रपतिलाई संविधानले नदिएको भनेर उनको आलोचना भएको थियो। यहाँसम्म कि, सरकारले गरेको सिफारिस राष्ट्रपतिबाट कार्यान्वयन नभएको भन्दै तत्कालीन प्रधानमन्त्री 'प्रचण्ड'ले राजीनामा नै दिए ।

नेपालको संविधान २०७२ जारी गरेर प्रथम राष्ट्रपति डा. रामवरण यादव बिदा भए। त्यसपछि दुई पटक गरेर ७ वर्ष राष्ट्रपति रहेकी विद्यादेवी भण्डारीको कार्यकाल संविधान कार्यान्वयनका दृष्टिले महत्वपूर्ण मानिए पनि विवादरहित हुन सकेन ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनका लागि दुई पटक सिफारिस गरे । दुवै पटक बिना राजनीतिक र संवैधानिक परामर्शबिनै राष्ट्रपति भण्डारीले प्रतिनिधिसभा विघटनको सिफारिसलाई सदर गरेकी थिइन्। त्यसबेला राष्ट्रपति भण्डारीले 'संविधानको परिधिभित्र रहेर काम गरेको' तर्क गरेकी थिइन्। तर, उनै भण्डारीले संसदले दुई पटकसम्म पारित गरेर पठाएको नागरिकता विधेयकमा 'संविधानको त्यो परिधि' को हेक्का गरिनन् । आजसम्म पनि त्यो विधेयक अलपत्र अवस्थामा छ ।

कांग्रेस नेता गुरुराज घिमिरे विगतका राष्ट्रपतिको व्यवहारबाट पाठ सिक्न र संविधान अनुसार भूमिका निर्वाह गर्न सुझाउँछन्। उनी भन्छन्, 'नेपालका ठूला परिवर्तनहरुमा भूमिका खेलेका र पछिल्लो समय लोकतन्त्रको पुनस्थापना र संघीय गणतन्त्रका लागि लड्नुभएका रामचन्द्र पौडेल राष्ट्रपति बन्नु महत्वपूर्ण घटना हो ।'

पौडेलको काँधमा पार्टीभन्दा माथि उठेर राष्ट्राध्यक्ष बन्ने दायित्व आएको उनलाई लाग्छ । 'उहाँ कांग्रेसबाट त्यहाँ पुगेको भए पनि अब कांग्रेस वा कुनै राजनीतिक समूहको स्वार्थलाई टेवा पुग्ने गरी काम गर्नुहुँदैन । गैरदलीय भूमिकामा अविचलित नै हुनुपर्छ नयाँ राष्ट्रपति। संसदभित्रका उतारचढाव, अनि दलभित्रका विषयमा उहाँले टाउको दुखाउनु हुन्न' घिमिरेको विश्वास छ। 'राजतन्त्रको राष्ट्राध्यक्ष (राजा) र गणतन्त्रका राष्ट्राध्यक्ष (राष्ट्रपति) कस्तो हुन्छ भनेर म देखाउनेछु, त्यो तपाईंहरूले देख्न पाउनुहुन्छ' राष्ट्रपति पदमा आफैंलाई मतदान गर्नुअघि पत्रकारहरूसँग पौडेलले भनेका थिए । सोही प्रतिवद्धतामा अडिन उनको राय छ। घिमिरे थप्छन्, 'विगतमा राष्ट्रपति बन्नुभएका व्यक्तित्वहरुबाट भएका सबल दुर्बल कार्य सम्पादनबाट पाठ सिकेर अघि बढ्दा नयाँ राष्ट्रपति पौडेललाई फाइदा हुन्छ ।'

## एक्लियो...

उम्मेदवारलाई मतदान गरेपछि बिहीबार भएको राष्ट्रपतिको निर्वाचनमा एमालेका उम्मेदवार नेम्वाङ आफ्नै मात्र दलको मत प्राप्त गर्ने स्थितिमा पुगे । प्रचण्डले कांग्रेससहितको ८ दलको समर्थनमा नयाँ गठबन्धन बनाएर सत्ता समीकरण फेर्दा तटस्थ बसेका र एमालेसँग नजिग रहेका भनिएका रास्वपा र राप्रपाकै विश्वास प्राप्त गरेन । एमालेकै आग्रहमा रास्वपा सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री भएका थिए । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन उपप्रधान तथा उर्जामन्त्री भएका थिए । यी दुवै अहिले सरकारमा छैनन् । तर, पनि एमालेका उम्मेदवार नेम्वाङलाई मतदान गरेनन् ।

अर्थात, प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा ओली निवास बालकोट सहमतिमा साक्षी बसेका रास्वपा, राप्रपा, जसपा, जमत पार्टी र नाउपाको समेत साथ एमालेले पाउन सकेन् । गत ४ मंसिरको चुनावमा सहकार्य गरेका राप्रपाले अन्तिम चरणमा आएर तटस्थ बस्ने निर्णय गर्यो। जसपाले कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेलाई मत दियो ।

बालकोट सहमतिमा साथ दिएका नयाँ दल रास्वपाले अन्तिममा पौडेललाई नै समर्थन गर्ने निर्णय गर्यो। जनमत पार्टी र नाउपाले यसअघि नै ओलीको साथ छाडिसकेका थिए । उनीहरुले शुरुमै पौडेलको पक्षमा उभिने निर्णय लिएका थिए । यसरी आफैले बनाएको सत्ता समीकरण तीन महिना नपुग्दै भताभुंग भयो। र, एमाले सत्ता राजनीतिबाट एक्लिएको छ। तथापि, एमालेले संघमा सभामुख पाएको छ । सभामुखमा एमालेका देवराज घिमिरे छन् ।

तीन महिना सत्ता समीकरण बदलिएर एक्लिएको एमालेले प्रदेशमा समेत सत्ता गुमाउने देखिन्छ । यति छिट्टै ओलीमाथि अविश्वास हुनुमा उनको आफ्नै दम्भ र विगतको कर्म भएको कांग्रेस, माओवादी लगायतका नेताहरूको आरोप छ । कांग्रेसका महामन्त्री गगन थापाले सत्ता राजनीतिमा एमाले एक्लिनुमा ओलीको दम्भ र अभिव्यक्ति प्रमुख भएको आरोप लगाउँछन् ।

'राष्ट्रपति निर्वाचनमा मतदान गरेपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले भने, 'यसअघि ओलीले के-के गरे सबैलाई थाहा भइसक्यो । एउटै विषयमा कतिपटक धोका दिने ?' ओलीले कांग्रेससँग सहकार्य हुन सक्ने बताइरहेका बेला थापाले जवाफ फर्काएका छन्, '२०८४ को निर्वाचनअघि ओलीसँग सहकार्य सम्भव छैन ।'

माओवादीका महासचिव देव गुरुङले एमालेसँग सत्ता समीकरण भत्किनुमा ओलीको हस्तक्षेपकारी भूमिका मुख्य भएको आरोप लगाउँछन् । राष्ट्रिय सहमतिको आधारमा कांग्रेसलाई राष्ट्रपति दिउँ भनेर प्रस्ताव गरेपनि ओलीले नमानेको उनको भनाइ छ । सभामुख एमालेले पाइसकेको अवस्थामा राष्ट्रपतिसमेत उसैलाई दिँदा शक्ति सन्तुलन नमिल्ने उनको तर्क छ । 'राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई सहमतिमै समर्थन गरेको भए राष्ट्रिय सहमतिको वातावरण बन्ने थियो । एमालेले सभामुख पाएको थियो। कांग्रेसलाई राष्ट्रपति दिएको भए शक्ति सन्तुलन ठीक ठाउँमा आउँथ्यो । तर हाम्रो प्रस्ताव ओलीले मान्नुभएन', उनले भने ।

कतिपय नेताहरु एमाले एक्लिनुमा एमाले अध्यक्ष ओली नै जिम्मेवार रहेको बताउँछन् । निर्वाचनपछि २५ पुसमा पहिलोपटक प्रतिनिधिसभाको बैठक बसेको थियो। उक्त बैठकमा ओलीले आफूले गरेको संसद विघटनको बचाउन गर्दै देउवा र प्रचण्डमाथि आक्रोस पोखेका थिए। प्रधानमन्त्रीले विश्वासको मत लिन भोलिपल्ट २६ पुसमा बसेको बैठकमा कांग्रेसले प्रचण्डलाई मत दिने भनेपछि ओली निकै आक्रोशित भएका थिए । राष्ट्रपतिमा कांग्रेसले ढोक्सा थापेको भए खोल्सीमा कुनै माछा नपर्ने चेतावनी दिएका थिए । 'ओलीको यहि अभिव्यक्ति नै एमालेलाई भारी भयो । कांग्रेस र माओवादी एक ठाउँमा आउने वातावरण बन्यो' एमालेकै एक नेताले गूनासो गरे ।

२०७४ को निर्वाचनमा एमाले-माओवादी गठबन्धन बनाएर निर्वाचनमा भाग लिए । त्यतिबेला वामपन्थी गठबन्धनले अत्याधिक बहुमत ल्यायो । निर्वाचनपछि ओली शक्तिशाली प्रधानमन्त्री भए । पूर्वसहमति अनुसार ३ जेठ, २०७५ मा पार्टी एकता पनि भयो । तर आलोपालो सरकार र पार्टी सञ्चालन गर्ने विषयमा ओलीले प्रचण्डलाई 'पावर सेयरिङ' नगर्दा ४२ महिनामै तत्कालीन नेकपा विघटन भयो ।

## जजिरा...

जजिराले अब मंगलबार, बिहीबार र शनिबार गरी हप्तामा तीन दिन नियमित उडान गर्ने झाले बताए। गत जेठ २ गते विमानस्थल उद्घाटनसँगै सोही दिनदेखि उडान शुरु गरेको जजिराले मौसमको कारण देखाउँदै पुस ६ गतेदेखि उडान रोकेको थियो । यसअघि जजिराले उडान शुरु गर्ने विभिन्न मिति तोके पनि उडान भएको थिएन ।

भैरहवा विमानस्थलबाट एउटा एयरलाइन्सको हप्तामा तीनवटा मात्र उडानले विमानस्थल दीगोरूपमा सञ्चालन हुन नसक्ने भन्दै व्यवसायीले अन्य एयरलाइन्सलाई आकर्षित गर्न नेपाल एयरलाइन्सले पनि उडान गर्नुपर्ने माग गरेका छन्। बन्द भएको जजिरा एयरलाइन्सको उडानले यो क्षेत्र उत्साहित भए पनि यो पर्याप्त नरहेको सोसाइटी फर नेपाल टुर्स एण्ड ट्राभल्स अपरेटरका लुम्बिनी प्रदेश अध्यक्ष सञ्जय बजिमयको भनाइ छ ।

उनले जजिराले वैदेशिक रोजगारमा जाने तथा फर्किने कामदारहरूलाई मात्र लक्षित गरी उडान गरेकाले पर्यटक लक्षित विमान उडान हुन आवश्यक रहेको बताए। 'गुणस्तरीय पर्यटकका लागि नेपालकै ध्वजावाहकसँगै हिमालय, बुद्ध एयरलगायतले पनि यहाँबाट अन्तर्राष्ट्रिय उडान गर्नुपर्छ,' बजिमयले भने, 'नेपाल-भारत, नेपाल-चीनलगायत अन्य बौद्ध धर्मावलम्बी देशहरूमा भैरहवाबाट उडान भरेमात्र विमानस्थलले सार्थकता पाउँछ ।'

करिब रु ३५ अर्बको लागतमा निर्माण भएको विमानस्थलको २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए। त्यसपछि अन्तर्राष्ट्रिय उडानका रूपमा जजिराले कुवेत-भैरहवा-कुवेत उडान शुरु गरेको थियो । शुरुमा उत्साहित जजिराले उडानको केही समयमा नै दैनिक उडान गरिरहेको थियो। तर त्यसको केही समयपछि विभिन्न बहाना बनाउँदै उसले पुनः सातामा तीन उडान गर्दै अन्ततः उडान नै बन्द गरेको थियो।

अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशीको एयरलाइन्सले उडान भर्दा पनि खुसी हुनुपर्ने अवस्था नरहेको निजी क्षेत्रको भनाइ छ । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष भीष्म न्यौपानेले यहाँबाट नेपालको राष्ट्रिय ध्वजावाहक विमान र हिमालय एयरलाइन्सले उडान नगरेसम्म विदेशी विमानको भर पर्न नसकिने बताए । 'विदेशी एयरलाइन्सले एकपटक शुरु गरेर बीचमा रोकेर फेरि सञ्चालन गरिदिएको भन्दै खुसी हुनु हाम्रो दुर्भाग्य हो,' न्यौपानेले भने, 'नेपाल सरकार कहाँ छ ? यसका सम्बद्ध निकाय कहाँ छन् ?, राजनीतिक संयन्त्र कहाँ छ ? यस विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

करिब आठ सय बिघामा फैलिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा तीन किलोमिटरको रनवे रहेको छ। फोर इ-क्याटेगरीको विमानस्थलमा नवौं क्याटेगरीको दमकल रहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सरहको उडान र अवतरण हुनसक्ने यहाँ चारवटा न्यारोबडी र एक वाइडबडी गरी पाँचवटासम्म अन्तर्राष्ट्रिय जहाज पार्किङ गर्न सकिन्छ। उक्त विमानस्थलबाट नारायणी नदीपारी गण्डकी, लुम्बिनी कर्णाली र सुदुरपश्चिम प्रदेशबाट वैदेशिक रोजगारमा जानेहरूलाई सहज हुने अपेक्षा गरिएको छ ।

## व्यवसायी...

लागेर नेपाली नागरिक समाजमा आफूलाई निष्ठापूर्वक समर्पित गराउँदै आफ्नो कम्पनीको माध्यमबाट बेरोजगार युवायुवतीहरुलाई रोजगारको अवसर प्रदान गरी सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा पऱ्याएको योगदानको कदर स्वरूप सम्मानित भएकी हुन् ।

मंगलबार चन्द्रलोक प्रतिष्ठानद्वारा ११३औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा राजधानीमा आयोजित कार्यक्रममा राष्ट्रियसभाकी उपाध्यक्ष उर्मिला अर्यालले व्यवसायी खत्रीलाई सम्मान पत्रसहित सम्मान गरिन् ।

महिला व्यवसायी खत्रीलाई वैदेशिक रोजगारसहित आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गरी 'राष्ट्रिय नारी सम्मान २०७९'बाट सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ।

समाजसेवामासमेत सक्रिय खत्रीले विनाशकारी भूकम्प, बाढी पहिरो, कोरोना महामरीलगायतका विपत्तिका बेला विभिन्न राहत तथा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रमहरु सञ्चालन गर्दै आएकी छन् । काभ्रेको नमोवनद्धमा उनले द निर्भाना क्याम्प रिसोर्ट पनि सञ्चालन गरेकी छन् । सम्मान कार्यक्रम प्रतिष्ठानका अध्यक्ष सिताराम कार्कीको सभापतित्वमा भएको थियो ।

## टिआरसी...

संक्रमणकालीन न्याय हेने ' विशेष अदालतले गरेको निर्णय सर्वोच्च अदालतको विशेष इजलासमा पुनरावेदन गर्नमिल्ने व्यवस्था थप गरिएको छ ।

यसअघिको विधेयकमा संक्रमणकालीन न्यायका मुद्दा हेर्ने विशेष अदालतले गरेको फैसला अन्तिम हुने र त्यसविरुद्ध पुनरावेदन नलाग्ने व्यवस्था राखिएको थियो र त्यसको सरोकारवालाहरुबाट विरोध भएको थियो । अहिले त्यसलाई परिमार्जन गरेर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने तर विशेष इजलासले मात्रै त्यस्ता मुद्दा हेर्न पाउने व्यवस्था राखिएको छ ।

विधेयकमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगको अवधि २ वर्ष राखिएको छ ।

हदम्यादको व्यवस्था पनि परिमार्जन भएको छ । यसअघि दुईमध्ये कुनै आयोगले मुद्दा चलाउन सिफारिस गरेमा ६ महिनाभित्र निर्णय गरिसक्नुपर्ने प्रावधान थियो । अहिले त्यसलाई परिमार्जन गरेर एक वर्ष बनाइएको छ । त्यतिबेलासम्म महान्यायाधिवक्ता वा सरकारी वकिलले मद्दा चल्ने/नचल्ने निर्णय गर्नुपर्ने हुन्छ । ऐनमा यसअघि आममाफीको प्रावधान राखिएकोमा यसपटक फेरबदल गरिएको छैन ।

सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले संक्रमणकालीन न्यायसम्बन्धी बाँकी रहेका कामहरु दुई वर्षभित्रमा सम्पन्न गरिसक्ने बताएकी छिन् ।

बिहीबार राष्ट्रपति निर्वाचनमा मतदानका लागि संघीय संसद् भवन नयाँ बानेश्वर पुगेकी मन्त्री शर्माले सञ्चारकर्मीहरुसँगको कुराकानीमा शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसँग सम्बन्धित बाँकी रहेका कामहरु दुई वर्षभित्र सम्पन्न गरिसक्ने बताएकी हुन् । उनले भनेकी छिन्,' सरकारले संसद्मा दर्ता गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा आयोगको अवधि नै दुई वर्षका लागि तोकिएको छ । विधेयक पास भएर मात्रै हुँदैन, आवश्यक कामहरु पनि समयमै सक्नुपर्ने हुन्छ ।'

मन्त्री शर्माले द्वन्द्वले निम्त्याएका समस्याहरुको पूर्ण रुपले समाधान गर्नका लागि विधेयक दर्ता भएको बताइन् ।

**Cyprus को होटल लाईनमा महिला/ पुरूषहरूलाई रोजगारको अवसर**

१.कम्पनीः **C&C Private Employment Agency.,** Cyprus, Paphos.

पूर्व स्वीकृती मिति २०७९।११।२५ | चलानी नं. ६०१९७८३४ | LT.No. 282394

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 05 | काममा दक्ष | 800 | १,१०,४४८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Plumber | 05 | | 800 | १,१०,४४८।- | | | | | | | |
| 3 | SPA Therapist | 10 | | 800 | १,१०,४४८।- | | | | | | | |

२.कम्पनीः **C&C Private Employment Agency.,** Cyprus, Paphos.

पूर्व स्वीकृती मिति २०७९।११।२५ | चलानी नं. ६०१९७८३६ | LT.No. 282393

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 10 | 10 | काममा दक्ष | 800 | १,१०,४४८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनीः **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca

पूर्व स्वीकृती मिति २०७९।११।२५ | चलानी नं. ६०१९७८३५ | LT.No. 282274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 11 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,१७,३५११।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bartender | 02 | 01 | | 700 | ९६,६४२।- | | | | | | | |
| 3 | Houseboy | 02 | 0 | | 500 | ६९,०३०।- | | | | | | | |
| 4 | Waitress | 0 | 02 | | 600 | ८२,८३६।- | | | | | | | |
| 5 | Housekeeping | 0 | 02 | | 500 | ६९,०३०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३०,०००।- |

नोटः– स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव र अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

अन्तर्वार्ता २०७९ चैत्र ३ गते (17 March., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## मनाइयो विश्व मिर्गौला दिवस

# नेपालमा प्रत्येक १० मध्ये एक जनामा मिर्गौलाको समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन




विश्व मिर्गौला दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । प्रत्येक वर्ष मार्च महिनाको दोस्रो बिहीबार यो दिवस मनाइने गरिन्छ । विश्व मिर्गौला दिवसका अवसरमा बिहीबार आयोजित कार्यक्रममा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले यससम्बन्धी जनचेतनाको अभाव रहेको भन्दै यसलाई बढाउनुपर्नेमा जोड दिए ।

उनले भने, 'राष्ट्रिय प्रत्यारोपण केन्द्रले चलाएको अभियानलाई निरन्तरता दिनुपर्छ । स्वस्थ जीवन शैली अपनाइ समय समयमा आफ्नो स्वास्थ्य जाँच गराउन जनतामा सचेतना बढाउन आवश्यक छ ।'

दिवसको अवसरमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता, अंगदान शिविर तथा मिर्गौला पदयात्रालगायतका विविध कार्यक्रम आयोजना गरिएको छ ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले स्वास्थ्य अभियान नेपाल र अंग प्रत्यारोपण समाज नेपालले संयुक्तरुपमा कार्यक्रम गरी विश्व मिर्गौला दिवस मनाउने गरेको हो । केन्द्रले मिर्गौला रोगको उपचार र रोकथामबारे सचेतना फैलाउने उद्देश्यले मिर्गौला दिवसको आयोजना गर्दै आएको छ ।

चिकित्सकका अनुसार नेपालमा प्रत्येक १० जनामध्ये एक जनालाई मिर्गौला रोग लाग्ने तथ्यांक छ ।

केन्द्रका निर्देशक श्रेष्ठका अनुसार मिर्गौला तथा विभिन्न अंग काम नगर्ने समस्याले विकराल रुप लिइरहेको अवस्थामा दिवसले स्वस्थ जीवनशैली तथा अंग दानसम्बन्धी जनचेतनामा अभिवृद्धि हुने बताए ।

उनले भने, 'अप्रत्याशितरुपमा आइपर्ने संकटबाट जोखिममा भएका समुदायलाई बचाउन पनि यो दिवसको महत्व छ ।'

प्राकृतिक विपत्ति र विभिन्न कारणले विश्वमा करिब ८५ करोड मिर्गौलाका बिरामी स्वास्थ्य सेवाबाट बञ्चित हुने गरेको उनले बताए ।

स्थापना भएको १० वर्षमा केन्द्रले एक हजार २६ जनाको मिर्गौला प्रत्यारोपण र नौ जनाको सफल कलेजो प्रत्यारोपण गरेको केन्द्रकी कन्सलटेन्ट नेफ्रोलोजिस्ट डा.कल्पना श्रेष्ठले जानकारी दिइन् । अंगदान शिविरबाट पाँच जनाले आफ्नो मृत्युपछिको अंग दानका लागि नाम लेखाएको बताइन् । यसपटकको मिर्गौला दिवसको नारा 'अप्रत्याशितरुपमा आइपर्ने संकटबाट जोखिममा भएका समुदायलाई बचाउनु' रहेको छ ।

नेपालमा बर्षेनि करिब तीन हजारजनाको मिर्गौला फेल हुने गरेको विभिन्न तथ्यांकहरुले देखाएको छ । हाल देशमा करिब पाँच हजारजनाको निःशुल्क तथा एक हजार जनाको सशुल्क हेमोडाइलाइसिस र तीन सय जनाको पेरिटोनियल डाइलाइसिस भइरहेको छ ।

विश्व स्वास्थ्य संगठनको सन् २००८ को अध्ययन अनुसार नेपालजस्ता अल्पविकशित देशमा मिर्गौला फेल भएको व्यक्तिमध्ये ९० प्रतिशतभन्दा बढीले केही महिनामै मृत्युवरण गर्छन् भन्ने थियो । तर पछिल्लो समय नेपालमा समेत मिर्गौला रोगको विशेषज्ञ डाक्टरसहितको उपचार हुने हुँदा यसमा परिवर्तन आएको छ । गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र कर्णाली प्रदेशको सुर्खेतमा मिर्गौला प्रत्यारोपण शुरु भइसकेको छ भने केही समयमा सुदूरपश्चिमको सेती प्रादेशिक अस्पताल, धनगढी, बागमती प्रदेशको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठनअन्तर्गत हेटौंडा अस्पतालमा प्रत्यारोपण शुरु गर्ने तयारी भइरहेको छ । पूर्वका कोसी प्रदेश तथा मधेस प्रदेशमा पनि प्रत्यारोपण सेवा विस्तार गर्ने योजना सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले बनाएको छ ।

# सवारी साधन हराउने क्रम बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन



काठमाडौं उपत्यकामा पछिल्लो समय सवारी साधन हराउने क्रम बढेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार आर्थिक वर्षको सुरुवात देखि हालसम्म सवारी साधन हराएको भनि १ हजार १ सय ६२ वटा निवेदन परेको छ ।


प्राप्त निवेदनमध्ये फेला परेका ३ सय ५३ वटा सवारी साधनमाथि ट्राफिक प्रहरीले अनुसन्धान गरेको थियो । जसमध्ये बिहीबार २३ वटा दुई पाङ्ग्रे सवारी साधन सम्बन्धित धनीलाई हस्तान्तरण गरिएको छ । रामशाहपथ स्थित काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा बिहीबार एक कार्यक्रम गरी २० ओटा मोटरसाइकल र ३ वटा स्कुटर धनीलाई बुझाएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अबि नारायण काफ्लेले बताए ।

यो सहित हालसम्म ३ सय २८ ओटा दुईपाङ्ग्रे सवारी साधनलाई ट्राफिक प्रहरीले सम्बन्धित धनीको जिम्मा लगाई सकिएको छ ।

यसै फागुन महिनामा ट्राफिक प्रहरीले विभिन्न स्थानमा खोजी गर्दा फेला परेका चोरीको २४ ओटा मोटरसाइकलसहित नियन्त्रणमा लिएका २६ जनालाई पनि आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयहरुमा बुझाइएको छ । अन्य हराइ फेला पर्न बाँकी रहेका सवारी साधनको हकमा समेत काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले तदारुकताका साथ अनुसन्धान तथा खोजतलास गरिरहेको छ ।

यस्तै यहि आर्थिक वर्षमै धनी नखुलेका ९५ वटा दुई पाङ्ग्रे सवारी साधनलाई पनि नियन्त्रणमा लिएर थप अनुसन्धानको लागि भन्सार कार्यालयमा बुझाइएको छ । जसमध्ये असोज महिनामा ३६, पुसमा ४०, माघमा १४ र फागुनमा ५ ओटा सवारी साधन बुझाइएको हो । सवारी साधन चोरी तथा हराउनबाट जोगाउन सम्बन्धित धनि स्वंयमले पनि आफ्नो सवारी साधन सुरक्षित स्थानमा पार्किङ गर्ने, ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लक, लगायत सुरक्षा साइरनहरु जडान गरी सवारी साधन चोरी तथा हराउनबाट रोक्न विभिन्न उपायहरु अवलम्वन गर्नको लागी पनि ट्राफिक प्रहरीका प्रहरी उपरीक्षक काफ्लेले अनुरोध समेत गरेका छन् ।

# हात्तीपाइले विरुद्धको औषधि थप पाँच दिन खुवाइने



**काठमाडौं/मस**–सरकारले हात्तीपाइले रोगविरुद्ध औषधि खुवाइने अभियानको अवधि थप गरेको छ । बिहीबारसम्म खुवाइने भनेता पनि थप पाँच दिनका लागि अभियान सञ्चालन गरिने भएको हो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले फागुन ३० गतेसम्म हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने जानकारी दिए । यसअघि यही फागुन ११ देखि शुरु भएको अभियान फागुन २५ गतेसम्मका लागि मात्र तोकिएको थियो ।

उनले अभियानका क्रममा धेरै बिदा भएकाले कोही नछुटुन् भनेर शुक्रबारदेखि पुनः पाँच दिन अभियानलाई निरन्तरता दिने बताए । हात्तीपाइले रोगविरुद्धको औषधि १५ जिल्लामा यही फागुन ११ गतेदेखि झापा, मोरङ, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, रसुवा, लमजुङ, पर्वत, बागलुङ, कपिलवस्तु, बाँके, दाङ र कैलालीमा खुवाउन थालिएको छ । औषधि वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, विद्यालय, धार्मिकस्थलमा बुथ बनाई खुवाइएको छ ।

औषधि दुई वर्ष उमेर पूरा भएका सबैलाई खुवाइने छ । औषधिले शरीरमा हात्तीपाइलेको परजिवी भए नष्ट गर्नुका साथै हात्तीपाइले हुनबाट जोगाउँछ । हात्तीपाइले रोग लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । हात्तीपाइले रोग लागेका खुट्टा सुनिने, पुरुषमा अण्डकोष सुनिने तथा महिलामा स्तन सुनिने गर्दछ ।

महाशाखाले चार जिल्ला बारा, लमजुङ, पर्वत र बागलुङमा दुई प्रकारको औषधि र ११ जिल्लामा झापा, मोरङ, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, रसुवा, कपिलवस्तु, बाँके, दाङ र कैलालीमा तीन प्रकारको औषधि खुवाएको छ । दुई प्रकारको औषधिमा अल्वेण्डाजोल र डाइइथाइल कार्बावाजिन तथा तीन प्रकारको औषधिमा अल्वेण्डाजोल, डाइइथाइल कार्बावाजिन र आइभरमेक्टिन खुवाइन्छ ।

महाशाखाका महानिर्देशक डा. दासले चार जिल्लामा समुदायस्तरमा हात्तीपाइले रोगको संक्रमण नदेखिएकाले दुई प्रकारको औषधि र ११ जिल्लामा समुदायस्तरमा संक्रमण देखिएकाले तीन प्रकारको औषधि खुवाउनुपरेको बताए । उनका अनुसार अहिलेसम्म ७९ प्रतिशत औषधि खुवाइएको छ ।

नेपालमा ४४ जिल्लामा गरिएको हात्तिपाइले रोगको रुग्णता मापन अध्ययनले ३१ हजार २९ जनालाई संक्रमण देखिएको छ । अन्य जिल्लाको अध्ययन भइरहेको छ । शरीरमा हात्तीपाइलेको परजिवी रहेछ भने औषधिले मार्दछ र हात्तीपाइलेका कारण शारीरिक अपाङ्गता हुँदैन । सरकारले औषधि निःशुल्क उपलब्ध गराउने गर्दछ । सरकारले सन् २०३० सम्ममा हात्तीपाइले रोग निवारण गर्ने लक्ष्य लिएको छ ।

# शिक्षा अधिकृत घुससहित पक्राउ



**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललितपुर महानगरपालिकाका शिक्षा अधिकृत शेषकान्त पौडेललाई पक्राउ परेका गरेको छ ।

शिक्षक सरुवा गर्न सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस मागेको सूचनाको आधारमा उनलाई एक लाख रुपैयाँ घुससहित पक्राउ गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेका पौडेल ललितपुर महानगरपालिका शिक्षा महाशाखाको शिक्षा अधिकृत (सातौं तह)मा कार्यरत थिए । आयोगबाट खटिएको टोलीले पौडेललाई उनकै कार्यकक्षबाट पक्राउ गरेको हो । थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चरिकोट

आर्थिक प्रस्ताव खोलिने सूचना

प्रकाशन मितिः २०७९/११/२६

यस कार्यालयको मिति २०७९/०९/२४ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८-०७९/८० अनुसार मिति २०७९/१०/२५ मा खुलेको प्राविधिक प्रस्तावको प्राविधिक मूल्यांकन बाट सफल भएका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ङ) अनुसार आर्थिक प्रस्ताव खोल्नको लागि सूचना सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल

| ठेक्का नं र कार्यको विवरण | आर्थिक मूल्यांकनको लागि छनौट भएका निर्माण व्यवसायीको नाम |
|---|---|
| RDCHT/33701169-4/079/80-41 (Road Construction works at Bhadaure Chanaure Kartike Chhap Narayantar Maneb-hanjyang Daduwa Melamchi Lache Rumaule Chautara Balefi Tekanpur Kalinchowk Manthali Sadak, Sindhupal-chowk (0+000 to 4+000)) | 1) TSN Construction Pvt. Ltd, 2) PSK Nirman Sewa Pvt. Ltd |
| RDCHT/33701138-4/079/80-42 (Road side slope protection (Chainage 61+900, 70+700, 72+400 and 82+500) and Rigid Pavement works (Chainage 83+100) at Araniko Rajmarga, NH-34 Sindhupalchowk) | 1) Bhandari Builders Pvt. Ltd, 2) Nayayug Construction Pvt. Ltd, 3) Sobarna Nirman Sewa, 4) U and S-NS JV, 5) Ganesh and Ganga Construction Pvt. Ltd, 6) Om Buddha Construction Pvt. Ltd. |

आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान : २०७९/१२/०३ गते दिनको १:०० बजे, सडक डिभिजन चरिकोट ।

डिभिजन प्रमुख

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरीया, मोरङ

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

Invitation for Electronic Sealed Quotation
Government of Nepal (GoN)
Kalika Rural Municipality
Kalika-2, Rasuwa
First publication Date: 2023-03-10

1. The Kalika Rural Municipality, Rasuwa invites electronics sealed quotation from registered bidders for the following supply of works
2. .

| Contract Identification No. | Name of Project | Bid Security Amount (NRs) | Bid Document Price(NRs) | Bid Submission Last date,Time | Bid Opening Date,Time |
|---|---|---|---|---|---|
| KRM/SQ/MED/2079-80/5 | Procurement of essential drugs and medicine | 38000/- | 1000/- | 26-03-2023, 12:00 Hrs | 26-03-2023, 14:00 Hrs |

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Kalika Rural Municipality, Rasuwa, Telephone: 010-542098, Email: kalikagaupalika@gmail.com or may visit e-GP system: www.bolpatra.gov.np/egp .
4. The employer reserves the right to amend and correct at any time or accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

कतारमा रोजगार | कम्पनी : FABULOUS SERVICES

पूर्व स्वीकृत मितिः २०७९/११/२५ चलानी नं.: ६०१९७८३३ L.T. No.:282369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker (Female) | 0 | 2 | स. काममा दक्ष | 1100 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र ३ गते (17 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Manjushree Overseas Services (P) Ltd.
मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## सम्पादकीय

# संवैधानिक सर्वोच्चताको कार्यभार

गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिमा बिहीबार रामचन्द्र पौडेल निर्वाचित भएका छन् । नेपाली कांग्रेसका उम्मेद्वार बनेर पौडेल राष्ट्रपति निर्वाचित भएका हुन् । पौडेललाई कांग्रेससहित नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र केही स्वतन्त्र सांसदले मत दिए । सत्तारूढ गठबन्धनको उम्मेद्वार बनेका पौडेल यी दलका सांसदहरूले दिएको मतभार ३२ हजार ८०२ पाएर राष्ट्रपति निर्वाचित भए । राष्ट्रपतिमा प्रतिस्पर्धा गरेका नेकपा एमालेका सुवास नेम्वाङले १५ हजार ५१८ मत पाए । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले मतदानमै भाग लिएन । त्यसो हुँदा पौडेलले राष्ट्रपतिमा मतदानमा भाग लिएका मध्ये एमाले बाहेक सबै दलको मत पाएका छन् ।

निर्वाचित भएसँगै पौडेलको भूमिका बदलिएको छ । अहिलेसम्म कांग्रेसका वरिष्ठ नेताका रूपमा सक्रिय पौडेल अब मुलुकको सर्वोच्च व्यक्ति बन्न पुगेका छन् । पौडेलले राष्ट्रपतिका रूपमा गर्न हुने र नहुने कामहरू संविधानमा प्रष्ट लेखिएको छ । संविधान भन्दा बाहिर गएर कुनैपनि गतिविधि गर्न राष्ट्रपतिलाई सुविधा छैन । उक्त संस्था आफैमा गणतन्त्र नेपालको संविधानका संरक्षक भएकाले हरेक निर्णयमा जनताको निगरानी समेत रहनेछ । तर संविधानले राष्ट्रपतिको निर्वाचनको आधार दलीय प्रणाली रहेको उल्लेख गरेको छ । तसर्थ कांग्रेस र एमालेबीच उक्त पदमा प्रतिस्पर्धा भएको थियो । कांग्रेसले संसदका अन्य दलको समर्थन पाएकाले पौडेल मुलुकको तेस्रो राष्ट्रपति निर्वाचित भएका हुन् । तर चुनाव जितेसँगै पौडेलको दलीय आवद्धता अन्त्य हुनेछ भने राष्ट्रिय एकताको प्रतीक बनेर अबको पाँच वर्ष बस्नुपर्नेछ ।

तर यसअघिका राष्ट्रपतिहरू रामवरण यादव र विद्यादेवी भण्डारीमाथि संविधानका पालक अनि राष्ट्रिय एकताको सर्वोच्च प्रतीक बन्न नसकेको आरोप छ । प्रथम राष्ट्रपति यादवले आफ्नो पूर्वपार्टी कांग्रेसलाई साथ दिएको अनि दोस्रो राष्ट्रपति भण्डारीले एमाले नेतृत्वको चाहनामा काम गरेको आरोप खेप्नु परेको छ । त्यसैले यादव र भण्डारीमाथि लागेको आरोप पौडेलका निम्ति सिकाइको विषय बन्न आवश्यक छ । त्यो सिकाइले मुलुकको संविधान र व्यवस्थालाई नै बलियो बनाउने हो । तर अहिले जसरी सत्ता संघर्षका आधारमा राष्ट्रपति निर्वाचित भएका छन्, त्यसको गुण तिर्नतिर नवनिर्वाचित राष्ट्रपति पौडेल लागेमा जनताको अपेक्षामाथि फेरि पनि निराशा हात लाग्नेछ । संवैधानिक भूमिका बाहिर गएर नयाँ राष्ट्रपतिले निर्णय लिएमा मुलुक, संविधान र व्यवस्था बलियो त हुनेछैन नै, सँगै पौडेलले जीवनभर आर्जित प्रतिष्ठामाथि समेत प्रश्न उठ्नेछ । त्यसैले यी सबै तथ्यलाई आत्मसाथ गरेर आफ्नो कार्यभार पूरा गर्नु निविर्कल्प सुझाव हुनेछ । नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई धेरै-धेरै बधाई !

# राष्ट्रपतिप्रतिको जनअपेक्षा

*अहिलेसम्मका राष्ट्रपतिहरूले तत्कालीन अवस्था हेरेर निर्णयहरू लिएको पाइन्छ । अबका राष्ट्रपतिलाई सङ्क्रमणकालको सुविधा प्राप्त नहुने भएकाले पृथक ढंगबाट मुलुकको राष्ट्रिय एकतालाई केन्द्रबिन्दुमा राखेर परिवर्तित राजनीतिक प्रणालीलाई बलियो बनाउनु नै मुख्य दायित्व हुन्छ ।*

अग्रलेख



● कृष्ण अधिकारी



मुलुकले तेस्रो राष्ट्रपति पाएको छ । प्रजातान्त्रिक धाराबाट लामो समय राजनीतिमा व्यतीत गरेका परिपक्व नेता रामचन्द्र पौडेल तेस्रो राष्ट्रपतिका रुपमा निर्वाचित भएका छन् । संविधानमा राष्ट्रपतिलाई राष्ट्राध्यक्ष, संविधानको संरक्षक र अभिभावकको रूपमा स्थापित गरिएको छ । गणतन्त्रलाई संस्थागत गर्ने, संरक्षण गर्ने र यसमा अपुग भएका विषयहरूलाई अगाडि बढाउन सक्ने साझा व्यक्तित्वको रूपमा नयाँ राष्ट्रपति पौडेललाई आम जनताले हेरेका छन् ।

